शहिद लखन गाउँपालिका गोरखा

नवौं गाउँसभा तथा बजेट अधिबेसनमा प्रस्तुत नीति तथा कार्यक्रम

प्रस्तुत कर्ता

रमेश बाबु थापा मगर

अध्यक्ष

शहिद लखन गाउँपालिका, गोरखा

आ.ब २०७८।०७९को क्षेत्रगत नीति तथा कार्यक्रमहरु

## *कृषि विकास नीति*

**१. "उत्पादन र उत्पादकत्वमा जोड दिऔं आत्मनिर्भर बनौं" भन्ने नाराका साथ कृषिजन्य बस्तुहरुका उत्पादनमा जोड दिने नीति तय गरिने छ।**

**२. खेतीयोग्य जमिनलाई बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्ने र बाँझो रहेका कृषि भूमिको दिगो उपयोगको लागि उपयुक्त योजना तयार गरी कार्यान्यियन गरिनेछ।**

**३. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादनका पकेट, ब्लक, जोन तथा सुपर जोनको बिकास गरी सघन व्यबसायिक खेती प्रणाली अघि बढाइनेछ।**

**४. एक गाउँ एक उत्पादनको नीतिलाई आत्मसाथ गर्दै कृषि उत्पादनमा जोड दिने नीति तय गरिनेछ।**

**५.गाउँपालिका भित्रिका कुनै एक वडालाई एभोकाडो खेतीको व्यवसायिक खेती गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ।**

**६रोपनी भन्दा बढी जमिन भाडामा लिई व्यवसायिक उत्पादन कार्यमा लागेका कृषक/कृषक समूहहरुलाई आवश्यक प्रोत्साहनको व्यवस्था मिलाइनेछ।**

**७ एक वडा एक कृषि उपज संकलन केन्द्रको स्थापना गरी त्यस क्षेत्रको उत्पादनलाई मूल्य श्रृंखलासंग जोडी हाटबजार मार्फत सहज बजारीकरण गर्ने नीति अवलम्बन गरिनेछ।**

**८.रैथाने बालीलाई संरक्षण गर्दै उन्नत जातका बालीहरुलाई व्यवसायिकरण गर्न जोड दिइने छ।**

**९.गाउँपालिका भित्रका कृषकहरुको उत्पादकत्वमा वृद्दि गर्न र रसायनिक मल माथिको सहज पहुँच पुऱ्याउन रसायनिक मल खरिदका लागि अनुदान दिने व्यवस्था मिलाइने छ।**

### *पशुपंक्षी विकास नीति :*

**१.कृषि विकास रणनीतिको भावना अनुरुप पशुपंक्षी पालन सम्बन्धी विद्यमान नीतिगत, कानुनी र प्रकृयागत व्यवस्थालाई सुधार गरिनेछ।**

**२.यस गाउँपालिकालाई आवश्यक पर्ने कुखुराका चल्ला उत्पादन गर्नका लागि ह्याचरी मसिन खरिद गरि क्रमश पूर्वाधार तयार गरिदै लैजाने नीति अवलम्बन गरिने छ।**

**३ मासुजन्य तथा दुधजन्य उत्पादनमा वृद्धि गर्न पशुपालक कृषकहरुलाई प्रोत्साहन गर्न पकेट क्षेत्र घोषणा गरी कार्यक्रम लाई निरन्तरता दिईने नीति अवलम्वन गरिनेछ।**

**४. कृषकहरुका लागि क्षमता अभिबृद्धि कार्यक्रम सन्चालन गरिनेछ।**

वन तथा भू-संरुक्षण नीति

१. निजी तथा सार्वजनिक जग्गाहरुमा वृक्षरोपण गरी वन क्षेत्रको विस्तार र वन पैदावरको आपूर्तिमा सहज हुने कार्यक्रम संचालन गरिनेछ।
२. सामुदायिक वन तथा पर्यापर्यटन प्रवर्द्धन गर्नका लागि विभिन्न गैह्रसरकारी संघसंस्थाहरुसंङ्गको सहकार्य एवम् समन्वयमा कार्यक्रम संचालन गरिने छ।
३. वन डढेलो व्यवस्थापनको लागि अग्निरेखा व्यवस्थापनमा जनताको सहभागिता अभिवृद्धि गरिनेछ।
४. गाउँपालिका क्षेत्र भित्र रहेका वन हरियाली, सिमसार, पानीका मुहान खाली क्षेत्र र नदीको तटको उचित व्यबस्थापन गरिनेछ।
५. सामुदायिक वन पैदावरको उत्पादन प्रशोधन र उपयोगको विषयमा अध्ययन अनुसन्धान गरी उत्पादन र बजारको विविधिकरणमा जोड दिइनेछ।
६. सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट उत्पादन हुने वन पैदावरहरुको बिक्री बितरण तथा वन स्रोतमा आधारित व्यवसायलाई सहज बनाउन कानुनी र नीतिगत सुधार गरिनेछ।
७. वन पैदावरबाट उत्पादित वस्तुहरुको उद्योग (दुना, टपरी, काष्ठकला) निर्माणमा जोड दिइनेछ।

८. सामुदायिक बन उपभोक्ता समूहलाई विभिन्न संघसंस्थासंगको सहकार्यमा वन कार्ययोजना निमार्ण गरी वन जंगगलको दीगो संरक्षण तथा संबर्धनमा जोड दिइनेछ।

९ भुमिहिन, दलित, सुकुम्बासी र अव्यबस्थित बसोबासीहरुलाई जग्गा प्राप्ति गर्नका लागि प्राथमिकतामा राख्न आवश्यक पहल गरिने छ।

१० सामुदायिक वन उपभोक्ता समुह लगायतका समुदायमा आधारित वन व्यवस्थापन आदिवासी जनजातीद्धारा व्यवस्थित गरिएको प्रथाजनित वन नीजी तथा पारिवारिक नीजी वन दर्ता संचालन र व्यवस्थापन सम्बन्धी नीतिमा जोड दिइनेछ। गाउँपालिका स्तरमा नीजी सहकारी समुदाय र सरकारको साझेदारीमा ठुला वन उद्यम संचालन गरी काठ, दाउरा, फर्निचर, जठीबुटी लगायत अन्य उत्पादनमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम संचालन गरिने छ।

*संस्कृति तथा पर्यटन विकास नीति*

१. पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ।
२. शहिद लखन साहित्य समाज मार्फत यस गाउँपालिकाको पर्यटकीय, धार्मिक लगायत अन्य महत्वपूर्ण क्षेत्रहरुको पहिचान र प्रवर्द्धन गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
३. गाउँपालिका भित्रका संभावित पर्यटन क्षेत्रलाई वातावरण मैत्री बनाइदै लगिनेछ।
४. पर्यटन क्षेत्रलाई बिस्तार र विकास गर्न होमस्टेहरुलाई प्रोत्साहन गरिनेछ।
५ पर्यटकीय सम्भाबना भएका गाउँपालिका क्षेत्रका ऐतिहासिक तथा पुरातात्विक स्थानहरुको पहिचान र विकासमा जोड दिइनेछ।

६ पूरातात्विक महत्व बोकेको प्रथम शहिद लखन थापा मगरको किल्ला, दरवार, लखन गुफा तथा जलकन्या मन्दिर, सिद्ध लखन गुफा, बक्रेश्वर मन्दिरको गुरुयोजना अनुरुप योजना सञ्चालन गर्न विशेष पहल गरिनेछ।

७ .यस गाउँपालिकाको वडा नं. ७ काहुले भंगार बुंकोटको किल्ला परिसरमा नेपालका प्रथम शहीद लखन थापा मगरले शहादत प्राप्त गरेको दिन फागुन २ लाई प्रथम शहीद लखन थापा स्मृति दिवस कार्यक्रम औपचारिक रुपमा मनाइदै आएकोमा यस कार्यक्रमलाई निरन्तरता दिदै लैजाने नीति लिइने छ।

८. हरेक वर्ष गुठी पंचमीको दिन वडा नं. २ र ३ मनकामनामा धार्मिक/सांस्कृतिक रुपमा मनाइदै आएको गुठी पंचमी कार्यक्रमलाई गाउँपालिकाको आयोजना गरी मनाइने नीति लिइनेछ।

९. फागुन २ लाई 'प्रथम शहिद दिवस' को रुपमा घोषणा गरी सार्वजनिक बिदा दिने र त्यसका लागि प्रदेश तथा संघ सरकारलाई पनि अनुरोध गरिनेछ।

*महिला किास नीति*

१. घरेलु तथा लैङ्गिक हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्न आवश्यक कदम चालिनेछ।
२. आर्थिक क्षमताको आधारमा विपन्न एकल महिला पहिचान तथा वर्गिकरण गरी उनीहरुको आर्थिक स्तर वृद्धिमा ध्यान दिइनेछ।
३. आर्थिक रुपमा विपन्न महिलाहरुको समूह गठन गरी आर्थिक स्तरोन्नती कार्यक्रम सञ्चालन गरिनेछ।
४. सीप विकास कार्यक्रमलाई प्रभावकारी तुल्याइनेछ।
५. महिला हिंसा विरुद्धको जनचेतनामुलक जागरण कार्यक्रम सञ्चालन गरिनेछ।
६. एक वडा एक नागरिक सचेतना केन्द्रलाई प्रभावकारी रुपमा संचालनमा ल्याउने नीति तय गरिनेछ।
७. एक वार्ड एक महिला सहकारीलाई प्राथमिकतामा राखी महिलाहरुको आयआर्जन र वचत क्षमतामा अभिवृद्धि गरी महिला सशक्तिकरणमा जोड दिइनेछ।

*बालबालकिा सम्बन्धी नीति*

१. एक वडा एक बाल क्लव गठन तथा गाउँपालिका बाल संजालको क्षमता अभिवृद्धि गरी योजना तर्जुमामा बालबालिकाको सहभागिता अभिवृद्धि गरिनेछ।
२. प्रत्येक वडा तथा विद्यालयहरुमा निरन्तर रुपमा बाल पोषण कार्यक्रम सञ्चालन गरिनेछ।
१२. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना कार्यक्रम प्रभावकारी बनाउन बालमैत्री झोला व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने नीति तय गरिनेछ।
१३. बालमैत्री कक्षा कोठा निर्माण गर्नका लागि आवश्यक पहल गरिनेछ।
१४. बाल अधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

*युवा तथा खेलकुद नीति*

१.गाउँपालिका स्तरको रंगशाला निर्माण गरिनुका साथै गाउँटोल स्तरमा पनि सम्भाव्यता अध्ययन गरी खेल मैदान तथा कवर्ड हल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२. स्वस्थ, तन्दुरुस्त र अनुशासनका लागि खेलकुद भन्ने नाराका साथ युवाहरुलाई खेलप्रेमी बनाउदै उनीहरुमा पैदा हुने गलत आचरण (लागु औषध दुर्व्यसनी, चोरी डकैती) हटाउने उदेश्यलाई कडाइका साथ लागु गरिनेछ।

३. युवाहरुमा पैदा भएको वैदेशिक रोजगारी प्रतिको आकर्षणलाई अन्त्य गर्ने र पशुपालन, कृषि व्यबसाय, फलफूल तथा तरकारी खेती जस्ता व्यवसायिक काम गर्न उत्साहित गर्दै कृषि रोजगारी निर्माणका लागि योजना तय गरिनेछ।

४. युवाहरुलाई सीप विकास र क्षमता विकासका अवसरहरु प्रदान गरी आय आर्जन मुलक क्रियाकलापमा संलग्न गराउने नीति लिइनेछ।

५.  प्रथम शहीद लखन थापा मगरले शहादत प्राप्त गर्नुभएको दिन फागुन २ गतेको स्मृति दिवसको सन्दर्भमा हरेक वर्ष प्रथम शहीद लखन थापा मगर स्मृति रनिङ्ग शिल्ड प्रतियोगिता तथा राष्ट्रपति रनिङ्ग शिल्डको तयारी प्रतियोगिता संचालन गरिने नीतिलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।

६. स्वस्थ जनशक्ति उत्पादन गर्न खेल क्षेत्रलाई प्राथमिकतामा राखिनेछ ।

*सडक तथा यातायात नीति*

१. गाउँपालिका स्तरीय यातायात गुरु योजना तयार गरी सो योजनाले तोकेका सडकहरुलाई स्तरउन्नती गर्ने कार्यलाई बार्षिक योजना तर्जुमा कार्यसंग आवद्ध गरिनेछ ।

२. एक वडा एक गौरवको आयोजना सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

३ सडक मापदण्ड र भवन मापदण्ड तोकी आनिवार्य रुपमा नक्सापास गरेर मात्रै घर संरचना निर्माण गर्ने र वस्ती तथा सडक क्षेत्रलाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ ।

४. विपद उत्थानशील सडक तथा सडक संरचना निर्माणमा जोड दिइने छ ।

५. सडक मापदण्ड र भवन मापदण्ड तोकी आनिवार्य रुपमा नक्सापास गरेर मात्रै घर संरचना निर्माण गर्ने र वस्ती तथा सडक क्षेत्रलाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ ।

*खानेपानी तथा सरसफाइ नीति*

१. यस गाउँपालिकालाई स्वच्छ, हराभरा र पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गर्ने नीति लिइनेछ ।

२. गाउँपालिकाको बजार क्षेत्रको फोहोरको दीर्घकालिन व्यवस्थापनका लागि उपयुक्त **Landfield Site** पहिचान तथा निर्माणको कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

३. आफ्नो बस्ति र टोल नजिक रहेका पानीका मूलहरु कुनै एक व्यक्ति वा समूहले कब्जा गर्ने र अन्य बस्ति र टोलमा पिउने पानीको समस्या बनाउने प्रवृतिको अन्त्य गरी प्राकृतिक श्रोतको समुचित बाँडफाँडमा ध्यान दिने नीति अवलम्बन गरिनेछ ।

४. अधुरो रहेका योजनाहरु सम्पन्न गर्ने नीति अबलम्बन गरिनेछ ।

५. सरकारी तथा गैह्र सरकारी संघ संस्था हरुको समन्वय र सहकार्यमा एक घर एक धारा खानेपानी कार्यक्रमलाई जोड दिइनेछ ।

❖ **भवन निर्माण नीति**

१. ब्यक्तिहरुले नीजि घर निर्माण गर्दा अनिवार्य रुपमा घरको नक्सा पास गर्नुपर्ने नीति लिइनेछ ।

२. सडकको दायाँ/बायाँ भबन निर्माण गर्दा मापदण्ड पूरा गरेर मात्र भबन निर्माण गरिनु पर्ने नीति लिइनेछ ।

३. पाँच वर्ष भित्रमा प्रत्येक टोलमा एउटा सामुदायिक भवन निर्माण गर्ने नीति लिइनेछ । त्यसको अधिकतम लागत रु पाँच लाख सम्म हुनेछ ।

४. घर नक्सापासलाई अनिवार्य बनाई नक्सापास नभइ बन्ने नयाँ घरलाई विद्युत र खानेपानीको सिफारिस नदिने नीति लिइनेछ ।

५. लालपूर्जा भएका समूहहरुलाई मात्र सामुदायिक भवन निर्माणका लागि रकम विनियोजन गर्ने नीति लिइनेछ ।

## स्वास्थ्य नीति

१. नागरिकहरुको बाँच्न पाउने अधिकारको संरक्षणका लागि कोरोना रोग प्रतिकार्यका लागि कोभिड अस्पताल संचालनार्थ आवश्यक दक्ष जनशक्ति तथा पूर्वाधार विकास तथा व्यवस्थापनमा जोड दिइने छ ।

२. यस गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा क्रमशः चौबीसै घण्टा स्वास्थ्य सेवा प्रदान गरिने नीति अवलम्बन गरिने छ ।

३. यस गाउँपालिका भित्रका नागरिकहरुलाई स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन हाललाई एक स्वास्थ्य संस्थाबाट फार्मेसी सेवाको प्रबन्ध मिलाइनेछ । साथै यस कार्यक्रमलाई आगामी वर्षहरुमा क्रमशः सबै वडाहरुमा विस्तार गर्ने प्रबन्ध मिलाइनेछ ।

४. स्वास्थ्य क्षेत्रलाई अत्यावश्यक क्षेत्रको रुपमा विकास गरी स्वास्थ्यलाई मौलिक अधिकारको रुपमा स्थापित गर्न स्वास्थ्यको पहुँच सर्वसाधारण सम्म सहज रुपमा पुऱ्याउने नीति अवलम्वन गरिनेछ ।

५. आधारभूत स्वास्थ्य एवं प्राथमिक स्वास्थ्य सेवाको पहुँचयोग्य नभएका समुदायमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन सामुदायिक स्वास्थ्य इकाइको विस्तार गरी स्वास्थ्य सेवालाई जनताको पहुँचयोग्य बनाइनेछ ।

६. गाउँपालिका भित्र स्थायी बसोबास गर्ने सुत्केरी महिलाहरुलाई पोषणयुक्त खानेकुरा तथा सुआहाराका लागि आवश्यक सहयोग उपलब्ध गराउने नीति तय गरिनेछ ।

७. गाउँपालिकामा स्वास्थ्य क्लिनिकहरुको स्थापना र भौतिक पूर्वाधारमा ध्यान दिइनेछ ।

८. स्वास्थ्य तथा उपस्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधार विकास तथा स्तरवृद्धि गर्दै स्वास्थ्य क्षेत्रलाई सम्पादन गर्ने सेवालाई समयानुकूल गुणस्तरीय बनाउन पहल गरिनेछ ।

९. गर्भवती परीक्षण तथा सुत्केरी महिला प्रोत्साहन रकम शहिद लखन गाउँपालिकाबाट प्रत्येक स्वास्थ्य चौकीबाटै प्राप्त गर्ने गरी नीति तय गरिनेछ ।

१०. सेटलाइट क्लिनिक मार्फत स्वास्थ्य संस्थामा पहुँच नपुगेका सेवाग्राहीहरुलाई स्वास्थ्य क्षेत्रको पहुँचमा ल्याउने नीति लिइनेछ ।

११. कोरोना भाइरस रोकथाम तथा उपचार कार्यलाई प्रभावकारी बनाउन बजेट विनियोजनमा उच्च प्राथमिकता दिईनेछ ।

१२. लायन्स आखाँ उपचार केन्द्र संग समन्वय गरि प्रत्येक स्वास्थ्य संस्थामा महिनाको १ पटक आँखाको जाँच गर्ने व्यवस्था गरिनेछ ।

१३. वर्थिङ्ग सेन्टर वाट दिईने सेवालाई अझ प्रभावकारी वनाउन आवश्यक सामग्रीहरुको र सुरक्षित सुत्केरी गराउने स्वास्थ्य कर्मीहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१४. यस गाउँपालिकाको पोषणको स्थितिलाई मध्यनजर गर्दै सुनौला हजार दनिका आमा, बच्चा किशोरीहरुको स्थितिमा सुधार गर्न हाल कार्यान्वयनमा रहेको बहु क्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन ल्याइनेछ ।

## शिक्षा नीति

१. विद्यार्थामा अन्तरनिहित क्षमता अभिवृद्दि गर्न, शैक्षिक गुणस्तर वृद्दि गर्न तथा उनीहरुमा रहेको सामाजिक चेतका बारेमा अन्तरक्रिया गर्न विद्यार्थीसंग अध्यक्ष कार्यक्रम संचालन गरिने छ ।

२. गाउँपालिकाका सबै बिद्यालयहरुलाई बाल मैत्री बिद्यालयको रुपमा विकास गर्ने योजना तय गरिनेछ।

३. बाल बालिकाहरुको सिकाइ उपलब्धी अभिबृद्धि गर्नका लागि आबश्यक पहल गरिने छ ।

४. बिद्यालयहरुमा शैक्षिक स्तर बृद्धिका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरु तयार गर्दै पुस्तकालय, प्रयोगशाला, ल्याब आदिको व्यबस्था गरिनेछ ।

७. प्रत्येक बिद्यालयहरुलाई सूचना प्रविधि मैत्री बिद्यालयको रुपमा विकास गर्ने लक्ष्यलाई निरन्तरता दिइनेछ ।

८. बिद्यालय स्तरका मूल्याङ्कन पद्धतिलाई व्यबस्थित र मर्यादित बनाउन गाउँपालिका स्तरीय परीक्षा संचालन गर्ने व्यवस्था लाई निरन्तरता दिइनेछ ।

९. गाउँपालिका अन्तर्गत कार्यरत शिक्षक/कर्मचारीहरुलाई क्षमता अभिवृद्दि सम्बन्धी कार्यक्रम संचालन गरिनेछ। साथै सबै शिक्षक तथा कर्मचारीहरुलाई परिचयपत्रको व्यवस्था गरिने छ।

१० सामुदायिक विद्यालयको गुणस्तरमा वृद्दि गर्न दरवन्दि कम भएका विद्यालयहरुलाई स्वयम् सेवक शिक्षक उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

११. शहिद लखन गाउँपालिका स्तरीय रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन गरी विद्यार्थीको खेल प्रतिभालाई निखर्दै लैजाने नीतिलाई निरन्तरता दिइनेछ ।

१२. गाउँपालिका भित्रका विद्यालयहरुलाई आवश्यकता, क्षमता र औचित्यताको आधारमा प्राविधिक शिक्षा सञ्चालन गर्दै लैजाने गरी अबलम्बन गरिएको नीतिलाई आगामी बर्षमा समेत निरन्तरता दिइएको छ।

१३. विद्यालय शिक्षालाई खेलकुदसँग आवद्ध गरी विद्यालय तथा विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमा लाग्न अभिप्रेरित गरिनेछ । गाउँपालिका स्तरबाट खेलसंग सम्बन्धित प्राविधिक सहयोगलाई निरत्तरता दिइनेछ।साथै यसबाट स्वस्थ जनशक्ति उत्पादन गर्ने अपेक्षा गरिएको छ।

१४. गाउँपालिका भित्र सञ्चालनमा रहेका माध्यमिक तहका विद्यालयका विद्यार्थीहरुलाई एक विद्यार्थी एक सीपको व्यवस्था मिलाउने नीतिलाई यस पटक पनि संचालन गरिनेछ।

१५. आधारभूत तहको परीक्षालाई स्वच्छ, मर्यादित र पारदर्शी बनाइनेछ।

१६. नेपालको संविधानले आधारभूत तह अनिबार्य तथा निशुल्क र माध्यमिकतह निशुल्क भनी गरेको व्यबस्थालाई प्रभाबकारी बनाउन गाउँपालिका स्तरमा विशेष कार्यक्रमको ब्यवस्था गरिनेछ।

१७. गाउँपालिका भित्र रहेका महत्वपूर्ण प्राकृतिक, साँस्कृतिक पुरातात्विक तथा व्यक्ति तथा व्यक्ति विषेशका बारेमा समेटी स्थानीय पाठ्यक्रम निर्माण गर्ने कामलाई निरन्तरता दिइनेछ। यसले गाउँपालिका भित्रका बालबालिकाले आफ्नो स्थानीय स्तरका महत्वपूर्ण विषय बस्तुहरुको बारेमा ज्ञान हासिल गर्नका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्दै लगिने व्यवस्था मिलाइनेछ।

१८. विद्यालयमा गणित विषयमा अनुर्तीण हुने दरमा बृद्धि हुँदै गएको परिप्रेक्षमा यसलाई समय सापेक्षा सुधार गर्ने हेतु यस बर्षलाई पनि गणित सुधार बर्षका कै रुपमा निरन्तरता दिइनेछ।

१९. माहामारीजन्य विपदमा वैकल्पिक सिकाइका माध्यमबाट शिक्षण सिकाइ कार्यलाई निरन्तरता दिइनेछ। साथै यस कार्यलाई जिवन्त बनाउन र स्वास्थ्य सुरक्षालाई प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।

२०. यस गाउँपालिका भित्रका सामुदायिक आधारभूत तथा माध्यमिक तहका विद्यालयहरुमा एक कक्षा एक व्यवसायिक कृषि सीप कार्यक्रम संचालन गरी व्यवसायिक चक्र पूरा गर्ने क्षमता तथा कौशलतामा जोड दिइने छ।

गैह्सरकारी संस्था सम्बन्धी नीति

१.गाउँपालिका क्षेत्रभित्र कार्यक्रम गर्नुपूर्व नै गैह्र सरकारी संस्थाहरुले आगामी बर्षको आ-आफ्नो कार्यक्रम सहित गाउँपालिकाबाट स्वीकृत लिनुपर्नेछ।

२. गैह्र सरकारी संस्थाद्वारा गठित उपभोक्ता समितिहरु गाउँपालिकामा प्रमाणित गरिनुपर्ने नीति लिइनेछ।

३.गाउँपालिका क्षेत्र भित्र कुनै पनि गैह्र सहकारी संस्थाले कार्यक्रम गर्नु पुर्ब अनिवार्य रुपमा गाउँपालिकासँग अनुमति लिई सम्झौता गरेर मात्र कार्यक्रम अगाडि बढाउनु पर्ने नीति लाई कडाईका साथ लागु गरिनेछ ।

४.यस गाउँपालिका भित्र संचालनमा रहेका गैह्रसरकारी संस्थाहरुलाई एकद्वार प्रणाली अन्तरगत सेवा संचालन गर्ने नीति अवलम्वन गरिने छ।

उपभोक्ता समिति सम्बन्धि नीति

१. उपभोक्ताहरुले प्रत्यक्ष लाभ प्राप्त गर्ने, तत्काल रोजगारी सिर्जना गर्ने र आय आर्जन बृद्दि गर्न योगदान पुऱ्याउने योजना कार्यक्रमहरु उपभोक्ता समिति मार्फत संचालन गरिने नीति लिइनेछ ।

२. आयोजना संचालन संबन्धमा उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने व्यवस्था मिलाइनेछ ।

३. एक उपभोक्ता समितिको कार्यसमितिमा रहेका व्यक्ति अर्को उपभेक्ता समितिको कार्य समितिमा रहन नपाउने नीति लिइनेछ । साथै जनप्रतिनिधि तथा नेपाल सरकारको अनुदान उपयोग गर्ने व्यक्तिहरुलाई पनि उपभोक्ता समितिमा रहन नमिल्ने व्यवस्थालाई कडाइका साथ अवलम्वन गरिनेछ ।

४. उपभोक्ता समिति मार्फत् संचालन गरिने योजना कार्यान्वियनमा स्थानीय कामदार र श्रमिक उपलब्ध भएमा उनीहरुलाई रोजगारी दिने नीति लिईनेछ ।

## ❖ सहकारी नीति

१. गाउँपालिका क्षेत्रभित्र संचालित सबै किसिमका सहकारी संस्थाहरुको नियमन गर्न गाउँपालिकालेसहजीकरण गर्ने नीति लिइनेछ ।

२. सहकारी संस्थाहरुको क्षमता विकास र पारदर्शिताका लागि गाउँपालिकाले उपयुक्त वातावरणको सिर्जना गर्नेछ ।

३. कृषि सहकारी संस्थाहरुले कृषि क्षेत्रमा कृषकहरुलाई अफ बढि लाभ दिने गरी एकै किसिमको नीति र व्यवस्थापन प्रकृया अवलम्बन गर्न प्रोत्साहन गरिनेछ ।

४. बचत सहकारी, उत्पादन सहकारी र बितरण सहकारीको निर्माण गर्दै गाउँपालिकाका मानिसहरुलाई सहकारीमा आवद्ध गराई सहुलियत प्रदान गराइनेछ ।

५. सहकारी संस्थालाई मजबुद, सक्षम र सुदृढ तुल्याउने उदेश्य बमोजिम कुनै एक सहकारी संस्थामा आवद्ध सदस्य अर्को सहकारी संस्थामा बस्न नमिल्ने नीतिलाई कडाइका साथ लागु गरिनेछ ।

६ यस गाउँपालिकाबाट गैह्र सरकारी संस्था समन्वय ,परिचालन तथा अनुगमन सम्बन्धी निर्देशिका तयार भएकाले गैह्रसरकारी संस्थाहरुका अनुगमन सोही अनुसार हुने नीति अपनाइनेछ ।

जेष्ठनागरिक आदिवासी जनजाती दलित मुश्लिम द्वन्द्व प्रभावित भिन्न क्षमता भएका व्यक्ति तथा पिछडा बर्ग सम्वन्धी नीति

१.आदिवासी जनजाति, तथा मुश्लिम समुदायको भाषा, धर्म, कला, संस्कृति, लिपि संरक्षण तथा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । साथै लक्षित कार्यक्रमको माध्यमद्वारा उनीहरुको आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक विकासमा विशेष ध्यान दिइनेछ ।

२.ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षा भत्ता प्रदान, ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. विद्यालय तथा सार्वजनिक स्थलहरुमा बन्ने सामुदायिक भवन, शौचालय निर्माणमा अपाङ्ग मैत्री संरचना निर्माणमा ध्यान दिइने नीति लिइनेछ ।

४. देशमा भएका प्रजातान्त्रिक आन्दोलन, दश वर्षे जनयुद्ध र १९ दिने शान्तिपूर्ण आन्दोलनमा यस गाउँपालिका भित्र शहादात प्राप्त शहिद, बेपत्ता तथा घाइते व्यक्तिहरुको सम्मान स्वरुप एक प्रतिष्ठान स्थापन गरिने नीति तय गरिनेछ ।

५. लक्षित वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याउन र विकासमा सहजिकरणको भूमिका निर्वाह गर्न आवश्यकता अनुसार गाउँपालिकामा महिला, युवा, बाल क्लब, दलित, आदिवासी जनजाति समन्वय समिति गठन गरिनेछ । यी समन्वय समितिहरुलाई लक्षित वर्गको लागि सञ्चालन भएका कार्यक्रमहरुको अनुगमन, मुल्याङ्कन तथा सहजीकरण कार्यमा सहभागि गराईने छ ।

## राजश्व सम्बन्धी नीति

१. यस गाउँपालिकाले कर प्रणालीलाई सवल, सक्षम र प्रभावकारी तुल्याउनका लागि करको दायरालाई विस्तार गर्दै व्यवसायिक करमा आवद्ध नभएका सबै व्यवसायीहरुलाई करको दायरामा ल्याउने, करका दरहरुलाई समयानुकूल संशोधन गरिने, एकीकृत सम्पती कर असुली कडाईका नीति अवलम्बन गरिने र घरवहाल करलाई समेत प्रभावकारी तुल्याउदै स्वयम् घोषणाको नीति अवलम्बन गर्दै गाउँपालिकाको आन्तरिक आम्दानीको क्षमता अभिवृद्धि गरिनेछ ।

२ राजश्व संकलनलाई प्रभावकारी बनाउन र जनस्तरबाट राजश्व बुझाउने प्रक्रियालाई चुस्तदुरुस्त बनाउन वडागत घुम्ती सेवा केन्द्र संचालन गरिने छ । साथै, राजश्व संकलन सम्बन्धमा जनचेतनामूलक एवम् अन्तरक्रिया कार्यक्रम संचालनमा जोड दिइने छ ।

३. गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ ।

४. गाउँपालिकाको राजस्व अभिवृद्धिमा टेवा पुर्याउन उद्योग वाणिज्य संघ सँग समन्वय गर्ने नीति तय गरिनेछ ।

५. राजश्व संकलनलाई वृद्धि गर्न भूमि तथा सम्पत्ति करलाई अनिवार्य बनाई त्यसको आधारमा गाउँपालिकाले प्रदान गर्ने सेवा नियमन गर्ने नीति लिईनेछ ।

६. व्यवसाय कर प्रणालीलाई सरल एवं उद्देश्यात्मक तुल्याउन विस्तृत कार्यनीतिहरु सहितको व्यवसाय कर सुधार योजनाको विकास गरी लागु गरिनेछ ।

७. व्यवसाय करको दायरालाई विस्तार गर्न तथा सवै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउन दर्ता नभई अनौपचारिक रुपमा सञ्चालनमा रहेका सवै व्यवसायको अभिलेखीकरण गरिनेछ ।

## घरेलु तथा साना उद्योग सम्बन्धी नीति

१. गाउँपालिका भित्रका बेरोजगार युवा तथा युवतीहरुलाई विभिन्न प्रकारका सीपमूलक तालिमहरु प्रदान गरी आत्मनिर्भर बन्न प्रोत्साहित गरिनेछ ।

२. गाउँपालिकाले विभिन्न प्रकारका जस्तैः ड्राइभिङ्ग, हाउस वाइरिङ्ग, प्लम्बर, सिलाइ, बुनाइ, पेन्टिङ्ग, सिकर्मी, डकर्मी जस्ता सीपमूलक तालिमहरुको संचालन गर्ने नीतिलाई नरिन्तरता दिइनेछ । ।

३. रैथाने परम्परागत स्थानीय सीपको विकास र प्रबर्धनमा जोड दिइनेछ । जस्तैः (गुन्द्री, चकटी, मान्द्रो, डोको, थुम्से, बुन्ने, हलो, कुटो, कोदालो आदि निर्माण)

४. स्थानीय र परम्परागत रुपमा कार्य गर्दै आइरहेका आरन, सिलाइ, बुनाइ तथा ढाका कपडा उत्पादन जस्ता कार्यहरुलाई घरेलु उद्योगको रुपमा विस्तार गर्दै लगिने छ ।

५. स्थानीय स्तरमा भएका जडीबुटी, फलफूल, वन पैदावर, खानी जन्य वस्तुहरुको उत्खनन् तथा प्रसोधन गरी त्यसको उद्योग संचालनमा जोड दिइने छ ।

६. बाँस तथा वेतबाँस जन्य बस्तुहरुको उत्पादनका लागि तालिमको व्यवस्था गर्दै उद्योग निर्माणमा जोड दिइनेछ ।

७. गाउँपालिका भित्रका कृषिजन्य वस्तुहरुको उत्पादनलाई प्रसोधन गर्न एक औद्योगिक ग्रामको स्थापना गर्ने नीति तय गरिनेछ ।

८.उद्यम विकासका लागि सहज वित्तीय पहुँच सिर्जनाको लागि आवश्यक व्यवस्थाका लागि पहल गरिनेछ ।

९.स्वउद्यम विकासका लागि स्थानीय स्रोत र साधनको उपलब्ध मागको आधारमा समुचित विकास गरिने लक्ष्य लिइनेछ ।

**प्रधानमन्त्री स्वरोजगार कार्यक्रम**

१. गाउँपालिका भित्र रहेका युवाहरुलाई रोजगारीसँग आवद्ध गर्न क्षमता अभिवृद्धि गर्ने खालका नीति संचालन गरिनेछ ।
२. भौतिक पूर्वाधारका कामहरुलाई स्वरोजगारसँग आवद्ध गर्दै अघि बढ्ने नीति तर्जुमा गरिनेछ ।
३. बोलपत्र मार्फत संचालन हुने योजना कार्यान्वयनमा समेत स्थानीय कामदार तथा श्रमिक उपलब्ध भएमा उनीहरुलाई रोवगारी दिने नीति अबलम्बन गरिनेछ ।

## ❖ सूचना प्रबिधि सम्बन्धि नीति

१. व्यक्तिगत घटना दर्तालाई क्रमश सबै वडा कार्यालयमा अनलाईन मार्फत दर्ता गर्ने व्यवस्था गरिनेछ ।
२. व्यापारिक बजार क्षेत्र तथा अन्य महत्वपूर्ण सार्वजनिक स्थलहरुमा सि.सि. क्यामेरा जडान गरी निगरानी गर्ने व्यवस्था गरिनेछ ।
३. गाउँपालिका तथा वडा कार्यालयहरुवाट हस्तलिखित रुपमा संचालन भएको सेवा प्रवाह पूर्ण रुपमा सुचना प्रविधि मैत्री भैसकेकोले यसलाई निरन्तरता दिँदै थप प्रभावकारी वनाउन विभिन्न तालिमद्धारा कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको लागि आवश्यक व्यबस्थालाई नियमित गरिनेछ ।
४. ब्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइनबाट दर्ता गर्ने कार्य थालनी भैसकेको हुँदा यसलाई निरन्तरता दिईने छ ।
५. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको तथ्याङ्क लाई **Online Entry** गर्ने कार्य सम्पन्न भै सकेको हुँदा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई थप प्रभावकारी, पारदर्शि, ब्यबस्थित र भरपर्दो वनाउन बैकिंङ प्रणाली मार्फत वितरण गर्ने कार्यको थालनी गरिनेछ ।
६. कार्यालयवाट सम्पन्न गरीने योजना तथा कार्यक्रम सम्वन्धी सफ्टवेर तयार एवं प्रयोग गरी योजना सम्झौता लगायत भुक्तानी सम्मको प्रकृयालाई प्रविधि मैत्री एवं सुविधायूक्त भैसकेकोले यसलाई निरन्तरता दिईनेछ ।
७. गाउँपालिका र वडा कार्यालयवाट सेवा प्रवाह वापत लिईने शुल्क,दस्तुर रकम सफ्टवेयर ( ऋभलतचबष्शिभम ऋयफउगतभचष्शभ द्यर्षष्लिन ) मार्फत कार्यान्वयन गरी सकिएकोले यसलाई निरन्तरता दिन हाल संचालनमा रहेको **Server** को क्षमता बृद्धि गरिनेछ । यसवाट दैनिक आन्तरिक आम्दानी गाउँपालिका र जुनसुकै वडा कार्यालयवाट समेत तत्काल हेर्न सकिनेछ ।
८. गाउँपालिका भित्र नयाँ निर्माण गरीने घरको नक्सा पास तथा पुराना निर्माण भईसकेका घरको अभिलेखीकरण विद्युतीय प्रणाली -EBPS_ मार्फत शुरु गरिने छ ।
९. जननिर्वाचित प्रतिनिधि र कर्मचारीहरुलाई सूचना तथा संचार प्रविधि सम्वन्धी आधारभूत तालिम र अभिमुखिकरण कार्यक्रम संचालन गरी सेवा प्रवाहमा छिटो छरितो चुस्त दुरुस्त, सेवामूखी र पारदर्शिता कायम गर्न बजेट विनियोजन गरी कर्यक्रम संचालन गरिनेछ ।
१०. गाउँपालिका लगायत सबै वडा कार्यालयमा सुचना केन्द्रको स्थापना र संचालन गर्ने कार्य गरिनेछ ।

संस्थागत तथा मानव संशाधन विकास नीति

१. कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक तालिम, गोष्ठी, प्रशिक्षण कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि आवश्यक बजेटको व्यबस्था गरिनेछ ।

२. गाउँपालिकाको प्रशासनिक ब्यवस्था, सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो, चुस्त, दुरुस्त, विश्वासनीय र प्रभावकारी वनाइनेछ ।

३. गाउँपालिका र वडा कार्यालयवाट संचालन हुने योजना, परियोजना र सेवा प्रवाहका सम्वन्धमा सम्पूर्ण सरोकारवालाहरु वीच पारदर्शिता एवं जवाफदेहिता प्रवर्द्धनका लागि आवश्यक योजना तर्जुमा गरिनेछ ।

४ योजनावद्ध विकासलाई टेवा पुर्‌याउन गाउँपालिकाको आवधिक विकास योजना, मध्यकालिन खर्च संरचना र समावेशी विकासका लागि स्थानीय तहको योजना तर्जुमा सम्बन्धी सबै वडा तहलाई तालिमको आयोजना गरी वार्षिक योजना तर्जुमा कार्यलाई व्यवस्थित बनाईनेछ ।

सुशासन तथा संस्थागत क्षमता विकास

१. गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका योजना, आयोजना तथा कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्दै उक्त कार्यक्रमहरुको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, प्रगति समीक्षा जस्ता कार्यहरुबाट पारदर्शिता एवम् सुशासन कायम गरिनेछ । गुनासो सुन्ने र समाधान गर्ने परिपाटिको विकास गर्न गाउँपालिका भित्र गुनासो सुन्ने अधिकारी तथा गुनासोको कारवाही गर्ने व्यवस्था गरी सकिएको छ । चौमासिक रुपमा नतिजामूलक अनुगमन तथा मूल्याङ्कनको सिद्धान्त अनुसार योजनाहरुको अनुगमन प्रतिवेदन तयार गरी गाउँकार्यपालिकाको वैठकमा प्रस्तुत गर्ने व्यवस्था मिलाइनेछ ।

२. गाउँपालिकाका सबै वडा कार्यालयहरुमा गुनासो सुन्ने अधिकारी, हेल्प डेक्स र विद्युतीय नागरिक वडापत्रको व्यवस्था गरी प्रभावकारी बनाईनेछ ।

३. गाउँपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वसनीय बनाईनेछ । यसै आर्थिक बर्षभित्र सवै वडाकार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका विवादहरु वडास्तरमै निरुपण गर्ने कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । विवादको टोलस्तरमा नै समाधान गर्न वडा-वडामा मेलमिलाप मेला सञ्चालन गरिनेछ । मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

४. गाउँपालिका कार्यालय, वडा कार्यालय र गाउँ क्षेत्रका सबै सार्वजनिक निकायहरुमा नागरिक वडा पत्र तयार गरी कार्यान्वयनमा ल्याईसकिएको छ । साथै आगामी दिनमा आवश्यकता अनुसार तोकिएको समयमा सेवा प्रवाह, लाग्ने दस्तुर लगायत समय र जिम्मेवारी कर्मचारी समेत तोकी सेवा प्रवाहलाई जनमुखी, पारदर्शिता सहित सुशासन कायम गरिनेछ ।

५. गाउँपालिका र वडा कार्यालयमा उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा संस्थाको पहिचान गरी पुरष्कृत गर्ने परिपाटिलाई निरन्तरता दिइनेछ । त्यसै गरी उत्कृष्ट शिक्षक, उत्कृष्ट सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह, महिला समूह, सहकारी, वन समूह, कृषक समूह, टोल विकास समूह, निर्माण व्यवसायी, उपभोक्ता समिति लाई पनि पुरष्कृत गरीने परिपाटीलाई निरन्तरता दिईनेछ ।

६. निर्वाचित पदाधिकारी र कर्मचारीहरुको आचारसंहिता तयार हुने क्रममा रहेको र सो तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

७. न्यायिक काम कारवाहीलाई सूचना प्रविधिसँग आवद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरी विवादहरुको खण्डीकृत तथ्यांक अद्यावधिक गरिनेछ ।

८. गाउँपालिका भित्र रहेका मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्दि गर्न पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ ।

९..गाउँपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वसनीय बनाईनेछ । सवै वडाकार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका विवादहरु वडास्तरमै निरुपण गर्ने

व्यवस्था मिलाईएकोले यस कार्यलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। साथै गाउँपालिकामा दर्ता भएका विवाद हरुको निरुपण गर्नका लागि गाउँपालिकामा एक न्यायिक निरुपण कक्षको स्थापना गरिनेछ।

१०. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याँकनका आधारमा कार्ययोजना लागु गरिनेछ।

कोभिड १९ बाट सिर्जित संकट व्यबस्थापन नीति :

१. कोरोना संक्रमणको कारणले विदेशमा रोजगारीमा गएका कतिपय गाउँबासी फर्कने क्रममा रहेकाले अनलाईनबाट संकलित तथ्यांक समेतका आधारमा उनीहरुले सिकेको सीपलाई फर्केपछि उपयोग गरी उद्यम व्यवसायमा संलग्न गराउन विशेष कार्यक्रम सञ्चालन गर्ने तथा र उनीहरुलाई उद्यममा जोडिन प्रोत्साहन गरिनेछ।

३. एम्बुलेन्स सेवालाई चौबिसै घण्टा संचालन हुने गरी तयारी हालतमा राख्न आवश्यक बजेटको ब्यबस्था गरिनेछ।

४. कोभिड १९ संक्रमणको संभावित जोखिममा रहेका नागरिकलाई होम आइसोलेसनमा बस्ने र स्वास्थ्य स्थितिमा प्रतिकुलता देखिएमा कोरोना अस्पतालमा राख्नका लागि आवश्यक ब्यबस्था मिलाइएको छ।

५. संक्रमण जोखिम रहदासम्म अशक्त,असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला,जेष्ठ नागरिक एवं अपाङ्गता भएका ब्यक्तिहरुलाई राहतका कार्यक्रम संचालन गर्न बजेटको ब्यबस्था गरिनेछ।

६. कोभिड १९ मा स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनिटाइजर, पिपिई) हरुको अभाव नहुने गरी बजेटको ब्यबस्था गरिनेछ।

७. कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्न आवश्यक बजेटको सब्यबस्था गरिनेछ।